का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ पुस २०८०,
आइतबार
31 December 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३२६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जवाफ खोजिरहेका जनता



आन्दोलनमा उत्तेजना हुने गर्छ । सुरक्षा संयमता अपनाउनुपर्छ भन्नेमा केही कमजोरी भएको छ र कमजोरी भयो भनेरै गोली चलाउन आदेश दिने डीएसपी, पीएसओ, उपसचिवलगायतका कर्मचारी निलम्बित भएका छन् ।

**रेखा शर्मा**
**प्रवक्ता, नेपाल सरकार**



*शुक्रबार ललितपुरको बालकुमारीमा मारिएका दुई युवकप्रति दशरथ रंगशालाबाट श्रद्धाञ्जली दिँदै फुटबलका समर्थकहरू । फोटो स्रोतः नेपालखबर ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

शुक्रबार कोरिया जानका लागि परीक्षा फर्म भर्न पाउनुपर्ने माग गर्दै प्रदर्शनमा उत्रिएका दुई युवाको प्रहरीको गोली लागेर निधन भयो । यो घटनाका सम्बन्धमा नागरिकहरुले सरकार र सरोकारवालाहरुको जवाफ खोजेका छन् ।

प्रहरीको गोली लागेर मारिएका दुई युवकप्रति शनिवार दशरथ रंगशालाबाट फुटबलका समर्थकहरूले समेत श्रद्धाञ्जली दिए । नेपाल सुपर लिगको फाइनल खेल हेर्न पुगेका दर्शकहरुले गोली लागेर मृत्यु भएका सुजन रावत र वीरेन्द्र शाहप्रति श्रद्धाञ्जली व्यक्त गरेका हुन् ।

शनिवार देशका बिभिन्न क्षेत्रमा उक्त घटनाको विरोधमा प्रदर्शन भएको छ । 'युवा विद्रोही' समूह नै बनाएर प्रदर्शन भएको छ ।

घटनाबारे नागरिकले जवाफ खोजिरहँदा सरकारले पनि केही निर्णयहरु लिएको छ । शनिवार मन्त्रिपरिषदको आकस्मिक बैठक बस्यो । मन्त्रिपरिषद्को आकस्मिक बैठकले मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । साथै, मारिएका दुई जना युवकको परिवारलाई राहत स्वरुप १०/१० लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरेको छ ।

प्रदर्शनका क्रममा घाइते भएकाहरूको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्ने निर्णय पनि भएको छ ।

प्रदर्शनमा गम्भीर लापरबाही देखिएको भन्दै ललितपुरका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई जिम्मेवारीबाट हटाइएका छन् । गृह मन्त्रालयले ललितपुरका प्रहरी प्रमुख एसएसपी सिद्धिविक्रम शाहलाई प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रजिअ रुद्रप्रसाद पण्डितलाई गृह मन्त्रालयमा तानेको हो ।

यो विषयमा संसदीय समितिले पनि चासो देखाएको छ । प्रतिनिधि सभा अन्तर्गत रहेको राज्य व्यवस्था तथा सुशासन समितिले बालकुमारीमा भएको घटनाबारे छलफल गर्न उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र तीन वटै सुरक्षा निकायका प्रमुखलाई बैठकमा बोलाएको हो ।

समिति सभापति रामहरि खतिवडाका अनुसार बैठक सोमबार बिहान साढे ८ बजे राखिएको छ । जहाँ गृहमन्त्री श्रेष्ठसहित नेपाल प्रहरीका महानिरीक्षक बसन्तबहादुर कुँवर र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल पनि सहभागी हुनेछन् ।

सरकारकी प्रवक्ता समेत रहेकी सूचना तथा सञ्चार प्रविधि मन्त्री रेखा शर्माले शुक्रबार बालकुमारीमा प्रहरीको गोलीबाट दुई युवा मारिएको विषयमा सरकार गम्भीर बनेको बताउँछिन् ।

उक्त घटनामा सुरक्षा कमजोरी भएको उनको भनाइ छ । अदालतको फैसला दिउँसो ३ बजे आउने भन्ने कुरालाई पनि राम्रोसँग बुझाउन नसक्दा पृष्ठ २ मा

## निषेधित क्षेत्रमा प्रदर्शन

प्रहरीको गोली लागेर मारिएका युवाको विषयमा जवाफ माग गर्दै शुक्रबार माइतीघरमा प्रदर्शन भएको छ ।

सरकारले निषेधित क्षेत्र तोकेको माइतीघरमा विभिन्न राजनीतिक दलका युवा र ईपीएसमा भाषा परीक्षाको फारम भर्न नपाएकाहरूले प्रदर्शन गरेका हुन् । जिल्ला प्रशासन कार्यालय काठमाडौंले निषेधित क्षेत्र घोषणा गरेको माइतीघरमा प्रदर्शनमा भएछि प्रहरीले केही हस्तक्षेप समेत गरेको थियो ।

प्रदर्शनकारीले 'गृहमन्त्री राजीनामा दे, 'गोली चलाउन आदेश दिनेलाई कारबाही गर, 'दोषीलाई कारबाही गर, 'हत्यारा सरकार मूर्दावाद, 'पीडित परिवारलाई क्षतिपूर्ति दे, 'रोजगारीको व्यवस्था गर,' लगायतका नारा लगाएका थिए ।

बालकुमारीमा भएको घटनाको अनुसन्धान गर्न गृह मन्त्रालयले समिति बनाएको छ । गृहमन्त्रालयले उपत्यका प्रहरी कार्यालयका डीआईजी पृष्ठ २ मा

# कांग्रेसभित्र उकुसमुकुस



**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

वर्तमान सत्ता समीकरणको महत्वपूर्ण शक्ति नेपाली कांग्रेस पछिल्लो केन्द्रीय समितिबाट प्रष्ट एजेन्डा र निर्णयसहित आउने अपेक्षा गरिएको थियो । संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको बढ्दो आक्रोश, युवाहरु रोजगारी खोज्दै देश छोडिरहेको अवस्था र वर्तमान सरकारको निरन्तरता लगायत विषयमा नेतृत्वले प्रष्ट कार्यक्रम नल्याएको भन्दै धेरैजसो केन्द्रीय सदस्यले आलोचना गरेका छन् ।

> मुख्य सत्ता घटक दल नेपाली कांग्रेसभित्र पछिल्लो राजनीतिक घटनाक्रमबारे नेतृत्वले प्रष्ट एजेण्डा ल्याउन नसकेपछि केन्द्रीय सदस्यहरुमै उकुसमुकुस देखिएको छ । केन्द्रीय समिति बैठकमा नेताहरुले अहिलेकै अवस्थामा नेतृत्व र सरकारको बचाउ गर्न सक्ने अवस्थामा नरहेको खुलेरै बताएका छन् ।

केन्द्रीय समिति बैठकमा केन्द्रीय सदस्य प्रदीप पौडेलले नेतृत्वको प्रतिरक्षा गर्न नसक्ने अवस्थामा रहेको बताएका थिए । 'कांग्रेसले देशलाई कता लैजाने भन्ने ठोस् योजना र रणनीति नल्याएसम्म र अहिलेकै अवस्थामा कम्तीमा म कांग्रेस नेतृत्वलाई डिफेन्स गर्न सक्दिनँ,' उनको भनाइ थियो । नेतृत्व यस्तै अलमलमा रहिरहने हो भने कांग्रेसलाई २०८४ को चुनावको समाना गर्न समेत गाह्रो हुने पौडेलको भनाइ थियो ।

कांग्रेसको जारी केन्द्रीय समिति बैठकमा नेताहरुले आफूलाई लागेका कुराहरु मात्रै राखेका छन् । प्रष्ट धारणा बनाउनुपर्ने विषयमा नेतृत्वले अहिलेसम्म न कुनै धारणा नै राखेका छन्, न त लिखित कुनै प्रतिवेदन नै पेस गरेका छन् ।

नेतृत्वको ठोस् धारणा नआएपछि बोल्ने धेरैजसो केन्द्रीय सदस्यहरुले पनि छरिएर धारणा राखेका छन् । त्यस मध्य धेरैले वर्तमान सरकार र सरकारमा आफ्नो पार्टीका तर्फबाट सहभागी मन्त्रीहरुको कार्यक्षमतामाथि प्रश्न उठाएका छन् । अहिलेसम्म आफ्नो धारणा राखेका मन्त्रीहरुले आफूले राम्रो काम गरेको 'रिपोर्ट कार्ड' प्रस्तुत गरेका छन् । तर धेरैजासो केन्द्रीय सदस्यहरु यसमा सहमत देखिएनन् । 'मन्त्रीहरूले प्रगति पृष्ठ २ मा




# राष्ट्रिय सभामा पनि प्रधानमन्त्रीसँग प्रश्नोत्तर

**शिव बिक/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

प्रतिनिधि सभामा अभ्यासमा रहेको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम राष्ट्रिय सभामा पनि संचालन हुने भएको छ । राष्ट्रिय सभामा पनि प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम संचालन गर्ने गरी राष्ट्रिय सभा नियमावली २०८० तयार भएको छ । नियमावली मस्यौदा समितिले प्रतिनिधि सभामा अभ्यासमा रहेको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम राष्ट्रिय सभामा पनि संचालन गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री वा निजको कार्यक्षेत्रभित्र रहेका मन्त्रालयसँग प्रत्यक्ष रुपमा सम्बन्धित महत्वपूर्ण विषयमा सभाका सदस्यहरुले प्रश्न सोध्ने अन्तर्राष्ट्रिय अभ्यासलाई नेपालले पनि अवलम्बन गर्दै आएको छ । यो अभ्यास प्रतिनिधि सभा नियमावली, २०७५ मा राखेर गरिएको थियो । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# साउदीको बायोमेट्रिक नगराउन संघको व्यवसायीलाई उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ पुस



नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपालस्थित साउदी अरेबियाको दूतावासबाट जवाफ प्राप्त नहुँदासम्म वैदेशिक रोजगारीमा साउदी अरेबिया जाने कामदारको बायोमेट्रिक नगर्न, नगराउन सम्पूर्ण व्यवसायीलाई आग्रह गरेको छ । साउदी दूतावासले नयाँ वर्ष २०२४ को पहिलो दिन अर्थात आगामी जनवरी १ तारिकदेखि नेपालबाट वैदेशिक रोजगारीका लागि साउदी अरेबिया जाने कामदारको बायोमेट्रिक लागू गर्ने तयारी गरेको छ । संघका महासचिव मेघनाथ भुर्तेलले विज्ञप्ति जारी गर्दै गत वैशाख २९ गते साउदी दूतावासले बायोमेट्रिक प्रणाली फेमिलि भिसा र भिजिट भिसामा जाने नेपालीलाई मात्रै लागू हुने जानकारी दिएपछि संघले सोहीअनुसार परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ध्यानाकर्षण गराइ पत्राचार गरेपश्चात कामदारलाई लागू हुनबाट रोकिएको अवस्थामा हाल श्रम मन्त्रालयको कुनै सहमति तथा अनुमतिबिना साउदी दूतावासले एकपक्षीय रूपमा बायोमेट्रिक लागू गर्न खाजेको बताएका छन् ।

महासचिव भुर्तेलले साउदी दूतावासले आफ्नो सूचना पाटीमा सूचना निकाली पृष्ठ २ मा

## साउदी समस्याबारे दूतावासमा छलफल



रियाद/मस– साउदी अरेबियास्थित नेपाली दूतावासले सप्लाई कम्पनीको रोजगारीमा जाने नेपाली कामदारले सामना गर्नुपर्ने समस्या कम होस् भनेर रोजगारदाता कम्पनीको आधिकारिक व्यक्तिलाई नेपाली दूतावास बोलाउनु परेको बताएको छ ।

साउदीका लागि नेपाली राजदूत नवराज सुवेदी तथा दूतावास कर्मचारी र नेपाल वैदेशिक रोजगार पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ व्यवसायी र श्रमिकको अहितमा हुने जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकारका विरुद्धमा रहेको सम्पूर्ण व्यवसायीज्यूहरुलाई सर्वविदित नै छ । यस संघ वैदेशिक रोजगारमा लागू गरिने एकाधिकारको विरोधमा रहेको व्यहोरा सम्बन्धित सबैलाई पुनः स्मरण गराइन्छ ।

वैदेशिक रोजगारका लागि नेपाली श्रमिकको प्रमुख आकर्षक गन्तव्य मुलुक साउदी अरबमा विगत ३० वर्षदेखि सो मुलुकको विकास निर्माणमा नेपाली श्रमिकले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको विषय यथार्थ हो । तर काठमाडौंस्थित साउदी अरब दूतावासले नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग कुनै छलफल बिना कामदारलाई आर्थिकभार पार्ने उक्त प्रक्रियाको लागि लामो समय काठमाडौं बसेर ठूलो खर्च गर्नुपर्ने र कालन्तरमा एकाधिकार जन्माउनेको शुरुवात भन्ने यस संघको बुझाइ छ । हामी व्यवसायीले ३० वर्षदेखि सहज ढंगले कामदार पठाइरहेको अवस्थामा काठमाडौंस्थित दूतावासको Consulate Office ले विभिन्न बहानामा व्यवसायीलाई दुःख दिने, सीमित कम्पनीलाई मात्रै ID कार्ड प्रदान गरेको, बेला बेलामा ID कार्ड बन्द गरिदिने र सीमित संख्यामा मात्रै Visa पेश गर्न दिने जस्ता कार्य गर्दा साउदी अरबमा कामदार सहज ढंग र छिटो जान सकिरहेका छैनन् । उक्त विषयमा दूतावाससँग पटक-पटक छलफल गर्दा समस्याको समाधान नगरिदिने र संघसँग समन्वयसमेत नगरेकोप्रति यस संघ गम्भीर रहेको छ ।

कामदरसँग जोडिने हरेक विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल र स्विकृतिबिना खडा हुने भिसा सेन्टरलगायतका संस्थाहरु यस संघलाई मान्य हुने छैन । यस विषयमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै कुनै एक संस्थामार्फत एकाधिकार लागू गर्न खोजिएको खण्डमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कडा प्रतिवाद गर्ने र दूतावासले यस विषयमा श्रम मन्त्रालयसँग सहमति र व्यवसायीले उठाएको विषय समाधान नगरुञ्जेल व्यवसायी साथीहरूले बायोमेट्रिक नगराउनुहुन अनुरोध गर्दछौं । साथै यस संघबाट व्यवसायी हकहितको एक मात्र उद्देश्यका लागि जारी गरिएको प्रेस विज्ञप्तिलाई मनन गरी अर्को सूचना प्राप्त नभएसम्म साउदी Embassy ले एकोहोरोरुपमा जारी गरेको सूचनालाई आधार मानि यदि Biometric गराई पासपोर्ट submission गरेमा उक्त व्यवसायी एवम् संस्थालाई कारबाही गर्न बध्य हुने पनि यसै विज्ञप्तिमार्फत जानकारी गराइएको व्यहोरा अनुरोध गर्दछौं ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०८०, आइतबार
31 December 2023, Sunday

# 'नेपाल प्रहरी साहित्य, कला तथा संस्कृति संरक्षणमा तल्लीन'

**काठमाडौं/मस**-प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले राज्यको कानून कार्यान्वयन गर्ने, भौतिकदेखि बौद्धिक सम्पत्ति संरक्षणको जिम्मेवारी पाएको नेपाल प्रहरी सुरक्षाको अलावा साहित्य, कला तथा संस्कृति संरक्षण तथा सम्वर्द्धनमा क्षेत्रमा समेत तल्लीन रहँदै आएको बताएका छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा शनिबार प्रहरी नायव महानिरीक्षक रविन्द्र केसीद्वारा लिखित 'सम्बन्धको दोबाटो' नामक कथासंग्रह लोकार्पण समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक कुँवरले उक्त कुरा बताएकाहुन् ।

प्रहरी महानिरीक्षक कुँवरले प्रहरी सेवा र साहित्य रचना फरक विधा जस्तो लागेता पनि कला, साहित्य र सिर्जना हरेक कार्य प्रकृतिसँग अन्तरसम्बन्धीत रहने चर्चा गर्दै नागरिक सेवामा खटिँदा देखे भोगेका विषयलाई समाजको दर्पणको रूपमा सर्जकले लिपिबद्ध गरी भरपूर सुगन्ध पस्केको उल्लेख गरे । नेपाल प्रहरीका अग्रज सदस्यहरूले साहित्य रचना र सिर्जनाका माध्यमबाट नेपाली साहित्य क्षेत्रमा गर्विलो छाप छोडेको स्मरण गर्दै संगठनका सदस्यबाट सिर्जित कथासङग्रह लोकार्पण गर्न पाउँदा गौरवान्वित महसुस भएको बताए ।




उक्त अवसरमा समारोहका प्रमुख अतिथि प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरका साथै विशिष्ट अतिथिहरूले संयुक्त रुपमा उक्त कथासंग्रह लोकार्पण गरेका थिए ।

उक्त अवसरमा डा.ध्रुव चन्द्र गौतम र हरि अधिकारीले शुभकामना मन्तव्य व्यक्त गर्दै कथाकार केसी आफ्नो पेशाको साथै साहित्यकर्ममा समेत इमानदार, निष्ठावान र सफल रहेको चर्चा गरे । साथै राजकुमार बानियाँ र ज्ञानु अधिकारीले पुस्तकको समीक्षा गर्दै पुस्तकमा समेटिएका कथाका विषयवस्तु एवं लेखकको लेखन कौशलताका बारेमा चर्चा गरेका थिए ।

उक्त कथासंग्रहको प्रकाशक संस्था शिखा बुक्सका प्रमुख पुष्पराज पौडेलको सभाध्यक्षतामा सम्पन्न उक्त समारोहमा कथासंग्रहका सर्जक प्रहरी नायव महानिरीक्षक रविन्द्र केसीले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक सन्दिप भण्डारी, अवकाश प्राप्त एवम् वहालवाला वरिष्ठ प्रहरी अधिकृतहरू, साहित्यकारहरू, विभिन्न सञ्चारमाध्यमका सञ्चारकर्मीहरू लगायतको उपस्थिति रहेको थियो ।

# केदारस्युँ गाउँपालिकाका किसानलाई मौरीपालन तालिम प्रदान

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, १४ पुस

बझाङको केदारस्युँ गाउँपालिकामा आधारभूत मौरीपालन तालिम सम्पन्न भएको छ । केदारस्युँ गाउँपालिका १ को रायलमा ७ दिने आधारभूत मौरीपालन सम्पन्न भएको हो ।

स्वदेशी उत्पादन अभियान, उद्यमीको सम्मान भन्ने मुलनाराका साथ पौष ८ गतेदेखि शुरु उक्त आधारभूत मौरीपालन तालिम शनिबार सम्पन्न भएको बताइएको छ । केदारस्युँ गाउँपालिकाको तल्लो क्षेत्र मौरी पालनका लागि उपयुक्त भएकाले स्थानीयलाई मौरी पालनमा आत्मनिर्भर बनाउनका लागि तालिमको आयोजना गरिएको घरेलु कार्यालय सूचना अधिकारी दशरथ बहादुर जप्रेलले बताए ।

तालिममा २ महिला १३ पुरुष गरी जम्मा १५ जना सहयोगी थिए । उनीहरूलाई बीउ, पूँजीमार्फत एक/एक वटा मौरी गोलासहितको आधुनिक घार र मौरी जन्य जस्तै, आधार, चाका, मौरी, टोपी मौरी, धुँवा , दानी, स्वार्भिन, ब्याग, मौरी ब्रस, मौरी फ्रेम, फिटर, मौरी औषधी, हाडभदुल, कुइन केज लगायतका सामग्रीहरू वितरण गरी भगवती मौरी पालन कृषक समूह गठन गर्दै मौरीपालन व्यवसायलाई निरन्तरता दिइने भएको छ ।



उक्त ७ दिने मौरीपालन समापन कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथि तथा गाउँपालिका अध्यक्ष गणेशबहादुर बोहराले तालिममा सहभागीले सिकेको सीपलाई सदुपयोग गरी व्यवसायीकरण गरेमा पालिकाकोतर्फबाट मौरीपालक व्यवसायीलाई प्रोत्साहन कार्यक्रम ल्याउने बताए ।

कार्यक्रमका विशिष्ठ अतिथि वडाध्यक्ष वीरबहादुर भण्डारीले मन्तव्य राख्दै प्रशिक्षार्थीहरूलाई वडा कार्यालयबाट गर्नसकिने सहयोग र मौरीपालन क्षेत्रमा थप साथ सहयोग रहने प्रतिबद्धता गरेका थिए । त्यस्तै कार्यक्रममा आफ्नो मन्तव्य राख्दै घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख खडक बहादुर बोहराले सिकेको सीपलाई सदुपयोग गरी मौरीपालन पेसालाई आधुनिकीकरण गर्दै व्यवसायीकरण गरेमा घरेलु कार्यालयकोतर्फबाट हुने विभिन्न प्रविधि लगायतका अनुदान कार्यक्रममा समावेश गर्न सकिने बताए ।

७ दिने मौरीपालन तालिमको अनुगमनको क्रममा कृषि ज्ञानकेन्द्र बझाङका प्रमुख टेकबहादुर बिष्टले मौरीपालक कृषकलाई प्रोत्साहन गर्दै आगामी दिनमा कृषि ज्ञानकेन्द्रले पनि आवश्यक साथ सहयोग गर्ने बताए ।

# पूर्वराजा शाहद्वारा पृथ्वीनारायण शाहको शालिक अनावरण

**शहबाज खान/कपिलवस्तु**
कपिलवस्तु, १४ पुस

कपिलवस्तुको शिवराज नगरपालिका ३ खैरेन्द्रपुर चौराहामा निर्माण गरिएको पृथ्वी नारायण शाहको जंगी शालिक पूर्वराजा ज्ञानेन्द्र शाहले अनावरण गरेका छन् । शिवराज नगरपालिकाद्वारा २५लाख रुपैयाँको लागतमा निर्माण गरिएको शालिक रातो ब्यानर उघारेर शिलान्यास गर्दै झण्डात्तोलन समेत गरेका हुन् ।



खरैन्द्रपुरस्थित बालहंश साङ्वेद गुरुकुलमा रहेको स्वर्णद्वारा आश्रममा पूजापाठपछि उनले शालिक अनावरण गरेका हुन् । पूजापाठका क्रममा बटुकहरुले स्वस्ती वाचन गरेका थिए । पूर्वराजा शाहले नागरिक अभिनन्द समेत ग्रहण गरेका थिए ।

पूर्वराजा र ह्वदेन्द्रलाई हेर्न खैरेन्द्रपुर चोकमा भीड लागेको थियो । आधा घण्टाको बसाईपछि उनी भैरहवा फर्केका थिए । नगरपालिकाले आयोजना गरेपनि सो कार्यक्रममा कांग्रेस, एमाले तर्फबाट निर्वाचित कोही पनि जनप्रतिनिधि सहभागी थिएनन् । राप्रपाको तर्फबाट मेयरमा निर्वाचित अजय थापाको विशेष पहलमा त्यहाँ पृथ्वी नारायण शाहको शालिक निर्माण भएको हो । कार्यक्रममा राजतन्त्रको पक्षमा नारा समेत लगाइएको थियो ।

# महिला उद्यमीलाई प्रोत्साहन गर्न प्रदेशस्तरीय प्रदर्शनी हुँदै

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १४ पुस

बाँकेको नेपालगन्जमा महिला उद्यमीहरुको स्थानीय उत्पादनलाई बजारीकरण, गर्न प्रोत्साहन र नव उद्यमीलाई उत्प्रेरणा दिने उद्देश्यले आठौं लुम्बिनी प्रदेशस्तरीय प्रदर्शनी हुने भएको छ ।

महिला उद्यमी संघ नेपाल बाँकेले नेपालगन्जमा हरेक वर्ष आयोजना गर्दै आएको प्रदर्शनी हुँदै आइ रहेको छ । सोही अनुसार यही पुस २४ देखि २८ गतेसम्म प्रदेश स्तरीय प्रदर्शनी हुने भएको छ ।

पत्रकार सम्मेलनमा आयोजक महिला उद्यमी संघ नेपाल बाँके अध्यक्ष सावित्रा पोखरेल (बस्नेत), महिला उद्यमी महासंघको केन्द्रिय सदस्य तथा महिला उद्यमी महासंघ लुम्बिनी प्रदेश संयोजक सरस्वती शर्मा, प्रदर्शनी संयोजक एवम् संघको प्रथम उपाध्यक्ष रेवती सिंह, द्धितीय उपाध्यक्ष आभा गौतम, प्रदर्शनीको आर्थिक संयोजकमा शशी स्वाँरले प्रदर्शनीको तयारी र उद्देश्यहरुका बारेमा जानकारी गराएका थिए ।

महिला उद्यमी संघ नेपालको केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश संयोजक सरस्वती शर्माले थुप्रै चुनौती र समस्याहरुको सामना गर्दै प्रदर्शनीलाई निरन्तरता दिइएको बताइन् । 'हामीले स-सानो स्तरबाट प्रदर्शनीको सुरुवात गर्दै आज यो अवस्थासम्म आइपुगेका छौं । आर्थिक चुनौती रहेको छ । तर पनि हामीले सबै समस्याको सामना गर्दै महिला उद्यमीहरुको हौसला अभिवृद्धिका लागि काम गरिरहेका छौं ।' नेपालगन्ज उप-महानगरपालिकाको आर्थिक सहयोगमा हुन लागेको प्रदर्शनीले महिलाहरुलाई उद्यमतर्फ आकर्षित गराउँदै राज्यको आर्थिक विकासमा योगदान गर्ने महिला उद्यमी संघ नेपाल बाँके अध्यक्ष सावित्रा बस्नेतले बताइन् । उनले भनिन्,'यस हामीले केही नयाँ अभ्यास गदै प्रदर्शनी आयोजना गर्ने तयारी गरेका छौं । यसले महिला उद्यमीहरुलाई आत्मनिर्भर बन्न थप प्रेरणा दिनेछ ।'

हरेक वर्ष प्रदर्शनीले महिला उद्यमीहरुमा नयाँ उत्साह र हौसला थपिरहेको प्रदर्शनी संयोजक रेवती सिंहले बताइन् । उनले भनिन्,'स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै आयोजना गरिने यस प्रदर्शनीले महिला उद्यमीका उत्पादनहरुलाई बजारीकरणमा सहयोग गरेको छ । देशलाई आर्थिक रुपमा बलियो बनाउन घरेलु उत्पादन, स-साना घरेलु उद्योगहरुको भुमिका महत्वपूर्ण हुन्छ । हामीले तीनै उद्योग र उत्पादनलाई प्रदर्शनी मेलामार्फत बजारीकरणमा सहयोग गर्ने अभिप्रायले यसपटक पनि नयाँ उत्साहका साथ मेला आयोजनाको लागि तयारी गरिरहेका छौं ।'

प्रदर्शनी आयोजना गर्न यसपटक विभिन्न निजी क्षेत्रका व्यापारिक प्रतिष्ठान, संघसंस्थाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको आठौं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनीको आर्थिक संयोजक शशी स्वारले बताइन् । उनले भनिन्, 'हामीले यसपटक केही व्यापारिक प्रतिष्ठानले सहयोग गर्ने कुरा गर्नुभएको छ । उहाँहरुको सहयोगले प्रदर्शनी आयोजनामा हामीलाई थप उत्साह थपेको छ ।'

आठौं लुम्बिनी प्रदेश स्तरीय प्रदर्शनीमा यस पटक ६० बढी महिला उद्यमीहरुको स्टल रहनेछन् । प्रदर्शनी आयोजना गर्नको लागि करिब १० लाख खर्च हुने अनुमान गरिएको छ । प्रदर्शनी अवधिमा करिब ८ हजार दर्शकले अवलोक गर्ने अनुमान गरिएको छ । नेपालगन्ज उप-महानगरपालिका वडा नम्बर २ स्थित बागेश्वरी मन्दिर परिसरमा रहेको चिल्ड्रेन पार्कमा पाँच दिनसम्म चल्ने प्रदर्शनीमा लुम्बिनी प्रदेशको १२ जिल्लाबाट महिला उद्यमीहरुको सहभागिता रहनेछ । साथै कर्णाली र सुदुरपश्चिमबाट केही महिला उद्यमीहरु प्रदर्शनीमा सहभागी हुनेछन् ।

### जवाफ...

र सम्मयता अपनाउन नसक्दा क्षति हुन पुगेको उनको बुझाई छ ।

'केही सुरक्षा कमजोरी भएको छ' उनी भन्छिन्, 'मन्त्रीज्यूको गाडीलाई टार्गेट गरिएको भन्दापनि स्वतः स्फूर्त रुपमा जुलुस भएको हो । करिब ३ बजे अदालतको पूर्ण फैसला आउने भन्दापनि ठीक ढंगले सञ्चार गर्न सकिएन ।'

उनी थप्छिन, 'आन्दोलनमा उत्तेजना हुने गर्छ । सुरक्षा संयमता अपनाउनुपर्छ भन्नेमा हामीले गम्भीर ढंगले छलफल पनि गरेका छौं । त्यसमा केही कमजोरी भयो भनेरै गोली चलाउन आदेश दिने डीएसपी, पीएसओ, उपसचिवलगायतका कर्मचारी निलम्बित भएका छन् ।'

### निषेधित...

लालमणि आचार्यको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति बनाएको हो । समितिमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धानका उपअनुसन्धान निर्देशक बासु सिग्देल सदस्य रहेका छन् ।

### कांग्रेसभित्र...

त सुनाउनुभयो, तर यो केवल मिथ्यांक मात्रै छ,' केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले बैठकमा भनेका थिए, 'सरकारमा सबैभन्दा ठूलो पार्टीको कुनै उपस्थिति नै देखिएको छैन । बरू कांग्रेस मुकदर्शक भएको छ ।'

धेरैले सरकार र सरकारमा गएका आफ्ना नेताहरुको आलोचना गरिरहँदा वर्तमान सरकारको विकल्प समेत जोख्नु पर्नेमा जोड दिएको एक केन्द्रीय सदस्यले मध्यान्ह दैनिकलाई जानकारी दिए । तर, छैटौं कार्यकालका लागि सरकारको नेतृत्वमा पुग्ने अबसर कुरिरहेका पार्टी सभापति शेरबहादुर देउवा पछि आफूलाई अप्ठ्यारो पर्ने डरले सरकारबारे प्रष्ट दृष्टिकोण बनाउन नसकिरहेको नेताहरुको बुझाइ छ । 'आफ्नो पालो आउँदा समर्थन पनि प्राप्त हुँदैन भन्ने डरले उहाँ केही पनि नगर्ने र केही पनि नबोल्ने नीतिमा हुनुहुन्छ,' एक नेताले भने ।

बैठकमा संविधान संशोधनको कुरा समेत उठेको छ । यो विषय सभापति देउवाका विश्वास पात्र मानिएका केन्द्रीय सदस्य रमेश लेखकले उठाएका छन् । 'यो संविधान जारी भएको ८ वर्ष भइसक्यो,' बैठकमा उनको भनाइ छ, 'मलाई के लाग्छ भने संविधानका मूल तत्वहरुलाई प्रभावित नगर्ने गरी संविधानको कार्यान्वयनको समीक्षा र पुनरावलोकनमा जानुपर्छ ।'

बैठकमा उठेका यी विषयबारे देउवा स्पष्ट दृष्टिकोणसहित आउनेमा धेरै नेताहरुलाई विश्वास छैन् । यद्यपि बैठकमा उठेका विषयबारे देउवाले जवाफ दिने छन् । त्यसमा उनले प्रष्ट दृष्टिकोण राख्ने र त्यही अनुसार निर्णय पनि लिने 'मुड'मा देउवा नरहेको उनी निकट नैताहरुकै बुझाइ छ । देउवाले यी विषय आगामी महासमिति बैठकका लागि पञ्छाएर उम्किने सम्भावना छ । कांग्रेसको महत्वपूर्ण मानिएको महासमिति बैठक फागुनमा बोलाइएको छ ।

### राष्ट्रियसभा...

नियमावलीमा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी प्रक्रियाको सम्बन्धमा उल्लेख गरिएको छ । नियमावलीको सोही प्रावधान बमोजिम प्रतिनिधि सभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो । प्रतिनिधि सभामा प्रत्येक महिनाको पहिलो र तेस्रो हप्तामा बस्ने पहिलो बैठकको पहिलो एक घण्टाको समय प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको लागि निर्धारण गर्नसक्ने प्रावधान भएपनि विविध कारणहरुले ०७५ को नियमावली अनुसार यस्तो प्रश्नोत्तर कार्यक्रम प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा नियमित हुन सकेन ।

तर, ०७९ को चुनावपछि प्रतिनिधि सभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर केही संचालन भएका छन् । प्रतिनिधि सभामा अभ्यासमा रहेको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम अब राष्ट्रिय सभामा पनि संचालन हुने गरी राष्ट्रियसभा नियमावली बन्न लागेको हो ।

गत असोज २६ गते राष्ट्रिय सभाले राष्ट्रिय सभा नियमावली, २०७५ संशोधन गर्नका लागि १२ सदस्यीय मस्यौदा समिति गठन भएको थियो ।

समिति सदस्यहरुमा अनिता देवकोटा, खिमलाल देवकोटा, जितेन्द्रनारायण देव, तुल प्रसाद विश्वकर्मा र दिलकुमारी रावल थापा पार्वती रहेका छन् । त्यसैगरी भैरवसुन्दर श्रेष्ठ, मदनकुमारी शाह गरिमा, महेशकुमार महरा र मोहम्मद खालिद पनि सदस्य रहेका छन। त्यस्तै डा। विमला राई पौड्याल, शेखरकुमार सिंह र सुरेशकुमार आले मगर पनि मस्यौदा समितिमा रहेका छन् ।

मस्यौदा समितिले राष्ट्रिय सभा र समितिमा सुव्यवस्थित रुपमा सञ्चालन गर्न राष्ट्रिय सभा नियमावली २०७५ मा रहेका सभा तथा समिति सञ्चालनका सन्दर्भमा देखापरेको कठिनाइहरू पहिचान गरि नियमावलीमा संशोधन मस्यौदा तयार पारेको छ । उक्त मस्यौदाको प्रतिवेदन अब सभामा पेश हुने जनाइएको छ ।

### साउदीको...

आगामी जनवरी १ तारिकबाट कामदारको बायोमेट्रिक गर्नुपर्ने भनेपछि संघ पदाधिकारी तथा विभिन्न घटक संस्थाका प्रतिनिधिले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र परराष्ट्र मन्त्रालयका विभिन्न निकायमा छुट्टाछुट्टै भेट गरी नेपालबाट साउदी अरब जाने आर्थिकरूपमा कमजोर अवस्थामा रहेका कामदारलाई अधिक आर्थिक भार पार्ने गरी नेपाल सरकारको अनुमतिबिना सञ्चालनमा ल्याउन लागिएको बायोमेट्रिक प्रणाली हटाउन पहल गर्न अनुरोध गरिएको पनि बताए ।

महासचिव भुर्तेलले संघ र व्यवसायीको मागलाई मन्त्री भण्डारीले गम्भीरताका साथ लिइ तत्कालै साउदी दूतावासलाई पत्राचार गरी एकपक्षीय तयारीबारे जानकारी माग गर्ने सहमति भएको भन्दै कामदारलाई आर्थिकभार पार्ने विषयमा मन्त्रालयको सहमति नरहेको र त्यस्ता विषय कार्यान्वयन हुन नसक्ने जानकारी पनि गराएको बताएका छन् ।

नेपाल सरकारले खाडी तथा मलेसिया जाने कामदार फ्रि भिसा फ्रि टिकटको निर्णयअनुसार न्यून लागतमा जान पाउने व्यवस्था गरेको छ । तर कामदारलाई आर्थिकभार पार्ने गरी एकपछि अर्को संयन्त्र खडा गर्ने र आर्थिकभार बढाउने काम भइरहेको छ ।

वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृतिका लागि हाल बीमा, वैदेशिक रोजगार कल्याणकारी कोष, अभिमुखीकरण तालिम, स्वास्थ्य परीक्षण शुल्क, सामाजिक सुरक्षा कोष गरी करिब आधा दर्जन शीर्षकमा रकम तिर्नुपर्ने बाध्यता छ । यही अवस्थामा ६ वटै खाडी मुलुक जाने कामदारलाई श्रम स्वीकृतिका लागि अंग्रेजी भाषा सिकेको प्रमाणपत्र अनिवार्य गर्न श्रम मन्त्रालयबाट निर्णय गराउन शक्तिशाली समूह लागिपरेको सार्वजनिक भएको छ । उक्त समूहले प्रधानमन्त्री कार्यालयमार्फत श्रम मन्त्रालयलाई प्रलोभनमा पार्ने प्रयास गरिरहेको समाचार स्रोतको भनाइ छ ।

### साउदी...

व्यवसायी संघको साउदी समस्या समाधान समिति संयोजक वैकुण्ठ पौडेल 'वैभव'बीच दूतावास तथा महावाणिज्यदूतावासमा भएको छलफलमा दूतावास अधिकारीहरूले उक्त जानकारी दिएका हुन् ।

छलफलमा सहभागी पौडेलका अनुसार सप्लाई कम्पनीको मागपत्र प्रमाणीकरण अघि सम्भव भएसम्म कम्पनीको आधिकारिक व्यक्तिको उपस्थिति, त्यो सम्भावना नभएको अवस्थामा टेलिफोन संवादबाट भएपनि कम्पनीले दिने सेवासुविधाका बारेमा जानकारी लिएर मागपत्र प्रमाणित गर्ने गरिएको दूतावासले बताएको छ ।

साउदीमा कम्पनीबाट कामदार करार अवधि पूरा नगरी भाग्ने समस्या लामो समयदेखि रहेको छ । त्यस विषयमा पर्याप्त जनचेतनाको अभाव महसुस गरिएको भन्दै पौडलले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने विषयमा पनि छलफल भएको जानकारी दिए । मागपत्र प्रमाणीकरण र कामदारका समस्याका विषयमा नेपाली दूतावास रियाद र महावाणिज्यदूतावास जेद्दा दुवै ठाउँमा छलफल भएको जानकारी दिँदै पौडेलले दुवै निकायबाट जनशक्तिको न्यूनताको कारणले नेपालबाट व्यवसायीले चाहेको समयमा सेवा दिन समस्या रहेको जानकारी आएको बताए ।

संघले देशगत समस्या पहिचान तथा समाधानका लागि संयोजक तोकेका कारणले समस्या समाधानका लागि समन्वय र सहजता आएको भन्दै दूतावासले संघ र संयोजकको भूमिकाप्रति धन्यवाद व्यक्त गरेको छ । संयोजक पौडेलले समस्या समाधानका नाममा ढिलाइ गर्ने र कागजमाथि कागज थप गर्ने प्रवृत्ति रोकिनुपर्ने, पुरानो राम्रो रेकर्डका आधारमा २० जना भन्दा थोरै कामदारको मागपत्र आवेदन गरेकै दिन प्रमाणित गरी फेमिसमा अपलोड गरिनुपर्ने, कम्पनी दूतावासमा रजिष्ट्रेशन गर्दा जेनेरेट हुने ओटीपी पासवर्ड सिष्टममा नै तत्कालै उपलब्ध गराइदिनुपर्ने, मागपत्र प्रमाणीकरण गर्दा गरिने ढिलाइले समयमा नेपाली कामदार रोजगारदाता कम्पनीमा नपुग्दा अविश्वास र अव्यावसायिकता देखिने भएकाले दूतावासले कार्य सम्पादनमा सकेसम्म चुस्तता ल्याउनुपर्ने विषय दुवै ठाउँका छलफलमा राखेको बताए ।

छलफलमा राजदूत सुवेदीसहित दूतावासका डेपुटी चिफ अफ मिसन डमरू बल्लभ पौडेल, काउन्सिलर श्रम देवेन्द्र कार्की र महावाणिज्यदूतावास जेद्दाका महावाणिज्यदूत शत्रुभिगु पोखरेल तथा श्रम सहचारी ताम्रराज काफ्ले सहभागी थिए ।

# अवैध लागुऔषधसहित पक्राउ

**काठमाडौं/मस**-चन्द्रागिरी नगरपालिका-२ नागढुंगाबाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब ८० ग्रमा ७ मिलिग्रामसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा झापा हल्दीबारी गाउँपालिका-२ बस्ने ३६ वर्षीय बबुला मर्डी रहेका छन् । उनलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको हो । प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले काकडभिट्टादेखि काठमाडौं आउँदै गरेको प्रदेश १-००१ ख ३८४३ नम्बरको बसमा सवार उनलाई जाँच गर्ने क्रममा हुडीमा लुकाई ल्याएको उक्त पदार्थसहित उनलाई पक्राउ गरेको हो । साथै उक्त घटनामा संलग्न रहेको अभियोगमा सोही ठाउँ बस्ने ४६ वर्षीय भोला मर्डीलाई समेत प्रहरीले पक्राउ गरेको छ ।

काभ्रे, धुलिखेल नगरपालिका-७ मयुर बसपार्कबाट अवैध लागूऔषध गाँजा ९ किलोसहित नमोबुद्ध नगरपालिका-९ बस्ने १९ वर्षीय बिश्वास तामाङलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय काभ्रेबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

उदयपुर, कटारी नगरपालिका-४ सिम्ले डेरा गरी बस्ने संखुवासभा खाँदबारी नगरपालिका-३ घर भएका ४८ वर्षीय सन्तोष राईलाई अवैध लागूऔषध गाँजा १४ किलो ६० ग्रामसहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो ।

झापा, मेचिनगर नगरपालिका-१३ चारआली चोकबाट अवैध लागूऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थ १ सय ग्राम १ सय ५० मिलिग्रामसहित २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा अर्जुनधारा नगरपालिका-११ बस्ने २९ वर्षीय मनिस मोक्तान र ३७ वर्षीय रीग बहादुर दर्जी रहेका छन् । प्रहरी चौकी चारआलीबाट खटिएको प्रहरीले मे.५ प ३६४८ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । यस्तै बाँके, जानकी गाउँपालिका-१ ढोडेगाँउबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम १ सय मिलिग्रामसहित कैलाली घाडाघोडी नगरपालिका-२ सुख्खढ बस्ने २१ वर्षीय उपेन्द्र बमलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी साइगाउँबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थसहित पक्राउ गरेको हो ।

बालकुमारी घटना

# सुर्खेतमा सरकारी सवारी साधन बन्दको घोषणा

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १४ पुस



रोजगारी अनुमति प्रणाली (ईपीएस) को परीक्षा दिन पाउनुपर्ने माग गर्दै भएको प्रदर्शनका क्रममा प्रहरीसँगको झडपमा दुई युवकको मृत्यु भएको घटनाको विरोधमा आन्दोलन संघर्ष समिति सुर्खेतले आइतबार सुर्खेतमा सरकारी सवारी साधन पूर्णरुपमा बन्दको आह्वान गरेको छ ।

साथै संघर्ष समितिले आइतबार दिउँसो १२ बजेदेखि १ बजेसम्म एक घण्टाका लागि सम्पूर्ण सवारी साधन बन्दको आह्वान पनि गरेको छ । आन्दोलन भइराखेको ठाउँमा जबजस्ती झण्डा हल्लाउँदै भीडमा प्रवेश गर्ने भौतिक पूर्वाधार मन्त्री प्रकाश ज्वाला र गोली हान्न आदेश दिने गृहमन्त्री नारायणकाजी श्रेष्ठको राजीनामा र घटनामा संलग्न अन्यलाई कानुन अनुसार कारबाहीको माग गर्दै सवारी साधन बन्दको आह्वान गरिएको संघर्ष समितिले जनाएको छ ।

शुक्रबार ललितपुरमा झडपका क्रममा दैलेखका सुजन रावत र अछामका वीरेन्द्र शाहको मृत्यु भएको थियो । रावतको छातीमा निलो डाम देखिएको थियो भने शाहको प्रहरीको गोली लागेर मृत्यु भएको थियो ।

मृतकका आफन्त, शुभचिन्तक र शुभेच्छुकहरुले दोषीलाई कारबाही, मृतक युवाहरुलाई शहीद घोषणा, पीडित परिवारलाई उचित शिक्षा, स्वास्थ्य, लालनपालनको ग्यारेन्टी लगायतका मागहरु राख्दै कर्णाली प्रदेशको राजधानी सुर्खेतसहित विभिन्न जिल्लाहरुमा आन्दोलन गरिरहेका छन् ।

संघर्ष समितिले चरणबद्ध आन्दोलनमा सबैलाई साथ, सहयोग र समर्थन गर्न अपिल गरेको छ ।

# अन्तर्राष्ट्रिय रोल्पाली सेवा समाज कतार शाखाको नाम परिवर्तनसहित नयाँ नेतृत्व चयन



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १४ पुस

अन्तर्राष्ट्रिय रोल्पाली सेवा समाज कतार शाखाको तेस्रो अधिवेशन तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। खुला र बन्द गरी दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट गोपाल डाँगीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मतरूपमा चयन भएको छ। कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा दुर्गा खड्का, उपाध्यक्षहरूमा क्रमशः जित परिवार, मानसिंह परियार र चित्रा केसी रहेका छन् । महासचिवमा शोभाराम ओली, सचिवमा सुजाता डीसी, कोषाध्यक्षमा चैन सिंह घर्ती र सह-कोषाध्यक्षमा माया केसी रहेका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा माल बहादुर, दीपेन्द्र रोका मगर, अर्जुन खत्री, शिवाराम खडका, हस्तमाली डाँगी, गौसरी खत्री, प्रमीला खत्री, पार्वती डाँगी, मोतीराम ओली, ओम बहादुर खड्का, दिलमाया रोका मगर र मान प्रसाद रोका रहेका छन्। नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक मणि पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए भने तेस्रो अधिवेशनसँगै केन्द्रीय विधान अनुरूप समाजले आफ्नो नाम 'रोल्पाली सेवा समाज कतार शाखा' नामकरण गरेको छ।

शुक्रबार सनैयामा अवस्थित फूलबारी रेस्टुरेन्टको सभा हलमा सम्पन्न अधिवेशनको खुला सत्र समाजका अध्यक्ष दीपेन्द्र डाँगीको सभापतित्व तथा एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यता सम्पन्न भएको थियो । कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थितिसहित शुभकामना मन्तव्य रहेको थियो। आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले पुरानो कार्यसमितिले भन्दा फरक र सशक्तरूपमा नयाँ कार्यसमितिले काम गर्नुपर्ने बताए । उनले एनसीसीसँगको सुमधुर सम्बन्धलाई कायम राख्दै नवनिर्वाचित कार्यसमितिले पनि सामाजिक अभियानका हरेक कार्यहरूमा सहकार्य गर्दै एकसाथ अगाडि बढ्नेछ भन्ने विश्वास व्यक्त गरे ।

मानसिंह परियार, गुना मगर निशु, जीवन राई, कृष्ण परियार, अमृत परियार र चित्रा केसीले आफ्नो सांगीतिक प्रस्तुतिद्वारा उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए । अधिवेशनमार्फत समाजलाई विभिन्न कालखण्डमा फरक-फरक भूमिकामा रहेर योगदान गर्ने व्यक्तिहरूलाई सम्मान गरिएको थियो । कार्यक्रमको सहजीकरण र कार्यप्रगति विवरण शोभाराम ओलीले पेस गरेका थिए भने गोपाल डाँगीले स्वागत मन्तव्य राखेका थिए।

अधिवेशनको खुला सत्रको समापन गर्दै सभापति डाँगीले आफ्नो कार्यकालमा थालिएका र अपूरा रहेका कामलाई नयाँ समितिले पूर्णता दिने विश्वास व्यक्त गरे। उनले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैमा कृतज्ञता प्रकट गरे ।

# प्रेस युनियनद्वारा भण्डारीको संयोजकत्वमा विभाग गठन



**काठमाडौं/मस-** नेपाल प्रेस युनियनले विधागत पत्रकारिताको विकासका लागि विधागत पत्रकारिता प्रवर्द्धन विभाग गठन गरेको छ । युनियनका केन्द्रीय उपाध्यक्ष जीवन भण्डारीको संयोजकत्वमा विभिन्न विधा (विट)मा क्रियाशील पत्रकारहरुलाई समेटेर युनियनले विभाग गठन गरेको महासचिव दिलिप पौडेलद्वारा जारी वक्तव्यमा उल्लेख छ ।

युनियनका अध्यक्ष शिव लम्सालले उपाध्यक्ष भण्डारीलाई यसअघि नै विभागीय संयोजक तोकेका थिए भने सदस्यहरु शनिबार नियुक्त गरेर विभाग गठन गरेका हुन् ।

विभागका सदस्यहरुमा सूचना प्रविधि विटबाट युनियनका सचिव सहदेव चौधरी, अनलाइनबाट सचिव छायाँचन्द्र भण्डारी, टिभिबाट सचिव अशोक तिवारी, रेडियोबाट सचिव नरहरि सापकोटा, कला साहित्यबाट केन्द्रीय सदस्य लोकराज अधिकारी, स्थानीय मामिलाबाट केन्द्रीय सदस्य शोभा केसी, संसदीय मामिलाबाट विष्णु खड्का, उर्जाबाट लक्ष्मण वियोगी, पर्यटनबाट मधुजंग पाण्डे, कृषिबाट राजेश बर्मा र स्वास्थ्यबाट बुद्धी कटेललाई नियुक्त गरिएको हो ।

विभागका बाँकी सदस्यहरु भने पछि नियुक्त गरिने विभागीय प्रमुख भण्डारीले जानकारी दिए। पछिल्लो समय विधागत पत्रकारिता ओझेलमा परेकाले पत्रकारिताको गुणस्तर नै खस्किँदै गएका बेला युनियनले विधागत पत्रकारितालाई प्रवर्द्धन गर्न छुट्टै विभाग गठन गरेको महासचिव पौडेलले बताए। विभागले विधागत पत्रकारिताको विकासका लागि पत्रकारहरुको क्षमता अभिवृद्धिदेखि सरोकारवालाहरुसँग छलफल तथा सहकार्य गर्नेलगायतको जिम्मेवारी पाएको छ ।

# पीडित महिलाहरुको एकद्वार प्रणाली व्यवस्थाबारे अन्तरक्रिया

**बाँके/मस-**नेपाल मुस्लिम समाज विकास चेतना केन्द्र नेपालगन्जको आयोजनामा तथा एक्सनएडको सहयोगमा पीडित महिलाहरुको एकद्वार प्रणालीको व्यवस्थाबारे छलफल तथा अन्तरक्रिया कार्यक्रम जानकी गाउँपालिकामा सम्पन्न भएको छ । कार्यक्रममा जानकी गाउँपालिका उप-प्रमुख रामप्यारी यादव प्रमुख अतिथि, प्रमुख प्रशासकीय अधिकृत दिल बहादुर पौडेल, मोहम्मद शेर बागवान आतिथि रहेका थिए । कार्यक्रमका प्रशिक्षक नेपालगन्ज उप-महानगरपालिकाका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख मन्जु पाण्डे रहेका थिए । कार्यक्रममा हिंसामा परेका महिलाहरुको मर्यादित जीवन कसरी बिताउने, विभेदकाविरुद्ध महिला र पुरुष दुवैको भूमिका, प्रथा जन्य सवालहरु र समाजमा तिनका असर र कारणहरु, लैंगिक हिंसा र लैंगिक हिंसा निवारण कोषका बारेमा छलफल तथा सहजीकरण, सेवा प्रवाह तथा संप्रेषण प्रणाली, सिफारिस प्रणालीको प्रकृया ढांचा र एकद्वार संकट व्यबस्थापन केन्द्रका बारेमा सहजीकरण गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता नेपाल मुस्लिम समाज विकास चेतना केन्दकी अध्यक्ष रुवि खांनले गरेकी थिइन् । कार्यक्रममा संस्थाका जानकी गाउँपालिकामा रहेका रिफलेक्ट समूह तथा महिला अधिकार मञ्चका सदस्यहरुको सहभागीता रहेको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत दिल बहादुर पौडेलले नेपाल मुस्लिम समाजले गरेको सराहनिय रहेको र जानकी गाउँपालिका सदैब साथ रहने प्रतिवद्धता व्यक्त गरेका थिए ।

**बर्दिया डायरी**
सन्तोष पौडेल/मध्यान्ह

# मानव बेचविखन नियन्त्रणका लागि पालिकास्तरमै कार्यविधि निर्माण गरिने



मानव बेचविखन नियन्त्रण तथा ओसारपसार नियन्त्रण गर्नका लागि पालिकास्तरमै समिति गठन र कार्यविधि निर्माण गरिने भएको छ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति बर्दिया र माइती नेपालको आयोजनामा जिल्ला समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी वेद प्रसाद खरेलको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो। विभिन्न निकायका व्यक्तिहरुको उपस्थितिमा भएको बैठकले विभिन्न ३ वटा महत्वपूर्ण निर्णय गरेको छ। हालसम्म मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा जिल्लाको वर्तमान अवस्थाको जानकारी एवम् देखिएका समस्याका बारेमा छलफलगर्दै यसअघि भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गर्ने निर्णय समेत गरेको छ ।

माइती नेपालको आवश्यक सहजीकरण र समन्वयमा मानव बेचविखन तथा ओसार पसार नियन्त्रण स्थानीय समिति गठन नभएका पालिकाहरुमा तत्काल गठन गर्न तथा कार्यविधि निर्माण गर्न अनुरोध गर्ने र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा स्थानीय तहको भूमिकालाई थप प्रभावकारी बनाउन समन्वय तथा सहजीकरण गर्ने निर्णय गरिएको माइती नेपाल बर्दियाकी कार्यक्रम संयोजक गायत्री रिमालले जानकारी दिइन् ।

बैठकमा प्रमुख जिल्ला अधिकारी बेद प्रसाद खरेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख सुधिरराज शाही, जिल्ला सरकारी वकिल कार्यालयका सहायक न्यायधिवक्ता शिवराज पौडेल, गुलरिया नगरपालिका उपप्रमुख सावित्रा गौतम, नेपाल पत्रकार महासंघ बर्दियाका अध्यक्ष यादव प्रसाद आचार्य, माइती नेपालकी प्रमुख गायत्री रिमाल, गुलरिया नगरपालिका महिला शाखा, अधिवक्ता लक्ष्मी नेपाल, दलित महिला उत्थान संघकी अध्यक्ष खिमा वि.क., सशस्त्र प्रहरी बल ३१ न. गणका सहायक प्रमुख नायव उपरीक्षक जंगबहादुर कुँवर, साना हात नेपाल लगायतको उपस्थिति रहेका थियो ।

# वन्यजन्तुबाट ज्यान गुमाएकाको परिवारलाई आय आर्जनमा सहयोग

वन्यजन्तुको आक्रमणमा परी ज्यान गुमाएकाहरुको परिवारलाई आय आर्जनमा सहयोग गरिने भएको छ । मधुवन नगरपालिका वडा नम्बर ३ मा रहेको खाता सामुदायिक वन समन्वय समितिले दैनिक जीवन सहज गराउनका लागि सहयोग गर्ने भएको हो । खाता समन्वय समिति अन्तर्गत पर्ने मधुवन नगरपालिकाको वडा नं. १ देखि ५ नं. वडामा बसोबास गर्ने वन्यजन्तु आक्रमणमा ज्यान गुमाएकाहरुको आश्रित १६ जना घरपरिवारका सदस्यहरुलाई सहयोग गर्न लागेको हो। खाता समन्वय समिति बर्दियाका अध्यक्ष हरि गुरुङले १६ जनामध्ये २ जनालाई आय आर्जनका लागि आर्थिक सहयोग गरिसकेको र बाँकी रहेका १४ जना परिवारलाई जनही ५० हजार रुपैयाँका दरले तराई भू-परिधि कार्यक्रम अन्तर्गत सहयोग गर्न लागेको बताए ।

वन्यजन्तु आक्रमणमा परी ज्यान गुमाएका आफन्तहरुसँग कार्यालयमा नै अन्तरक्रिया कार्यक्रम गरेर उनीहरुकै राय बमोजिम खाता समन्वय समितिले आय आर्जनमा सहयोग गर्न लागेको हो । मधुवन नगरपालिका वडा नं. ३ भग्रैया निवासी राम बहादुर के.सी.ले आफु जैविक मार्ग अन्तर्गतको क्षेत्रमा बसोबास गर्ने भएकाले वन्यजन्तुको आक्रमणमा पर्ने त्रासमा बाच्नु परेको गुनासो पोखे । राज्यका विभिन्न तह र तप्कामा गएर आफ्ना समस्याहरु पोख्दापनि सुनुवाई नभएको उनको भनाइ छ। उनले भने, 'राज्यबाट कुनै किसिमको सुबिधा पाएनौ । राज्यले पीडित जनतालाई भोट बैंक र कर तिर्ने मेसिन मात्र बनाएको छ ।'

मधुवन ३ भग्रैया बस्ने प्रेम वंशी आमा कली वंशी घास काट्न गएको समयमा बाघको आक्रमणमा परेर ज्यान गुमाएपछि विक्षिप्त छिन् । नागरिक असुरक्षित भएर वन्यजन्तु संरक्षणमा लागेपनि राज्यले व्यवस्थापन गर्न नसेको उनको भनाइ छ । मानव वन्यजन्तु द्वन्द्व बढ्दै जाँदा मानिसहरु जंगली जनावरको शिकार हुनु परेको छ । राज्यले आफुहरुलाई वनमा आश्रित हुन नपर्ने किसिमका तालिम तथा रोजगारीको सिर्जना गरिदिन वंशीको आग्रह छ । आर्थिक वर्ष ०७०/०७१ देखि ०८०/०८१ को पुस दोस्रो साता सम्ममा खाता सामुदायिक वन समन्वय समिति अन्तर्गतका क्षेत्रमा वन्यजन्तुको आक्रमणमा परेर १६ जनाले ज्यान गुमाएका छन्। जसमध्ये १२ जना बाघ, २ जना गैंडा र २ जना हात्तिको आक्रमणमा परेका हुन् ।

# 'स्वयंसेवक परिचालनबाटै तीन हजार बढी टहरा निर्माण सम्भव'

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम, १४ पुस



गत कात्तिकमा जाजरकोटमा आएको ६.४ म्याग्निच्युडको भूकम्पले छिमेकी जिल्ला रुकुम पश्चिम पनि प्रभावित भयो । जिल्लाको आठबिसकोट नगरपालिका र सानिभेरी गाउँपालिकामा भूकम्पले धेरे क्षति पुऱ्यायो । भूकम्प लगत्तैको उद्धार र राहतपछि प्रभावित क्षेत्रमा अस्थायी आवास निर्माण पनि शुरु भयो। विभिन्न पार्टी र समूहले त्यहाँ अस्थायी आवास (टहरा) निर्माण सम्पन्न गरेका छन् ।

सत्तारुढ नेकपा माओवादी केन्द्रले जिल्लाभरी ३ हजार १ सय ६८ अस्थायी आवास निर्माण गरेको दाबी गरेको छ। बाफिकोट गाउँपालिकाका पूर्वअध्यक्ष समेत रहेका नेकपा माओवादी केन्द्र कर्णाली प्रदेश सदस्य धर्मबहादुर केसी पार्टीले राम्रोसँग स्वयंसेवक परिचालन गरेकै कारण यति ठूलो संख्यामा अस्थायी आवास निर्माण सम्भव भएको बताउँछन् ।

'सबैलाई समेटेर एकनासले स्वयंसेवक परिचालन गर्ने पार्टीको नीतिअनुसार प्राकृतिक विपत्तिमा राजनीतिक गन्ध नमिसिने गरी काम गरियो,' मध्यान्ह राष्ट्रिय दैनिकसँगको कुराकानीमा केसीले भने, 'यही कारण छोटो समयमै यति धेरै आवास निर्माण सम्भव भयो ।'

जिल्लामा स्वयंसेवक परिचालनको नेतृत्व भने माओवादी केन्द्रका उपमहासचिव एवं प्रतिनिधिसभाका सांसद जर्नादन शर्माले गरेका थिए । बाफिकोट निवासी केसी आफैं पनि हटरा भूकम्प पीडितको राहात, उद्धार र आवस निर्माणमा खटिएका थिए ।

उनी आठबीसकोट-१४ को पोखरी, टाकुरा, ठारीखोरिया र सवारी टोलमा खटिएका थिए । 'त्यहाँ हामीले २३ वटा टहरा निर्माण गरेर फर्कियौं,' केसीले भने, 'भूकम्प प्रभावित जनसमुदायका पीर, व्यथा र अभावहरु सुन्दा, देख्दा हामीलाई पनि अत्यन्तै पीडा महसुस भएको थियो ।'

**नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको**

**सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचनाः २०८०/०९/१५**

मिति २०८० साल पौष महिनाको ८ गते बसेको यस नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापकहरु तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति समय र स्थान**
**सभा हुने मिति** : २०८० साल माघ ९ गते, मंगलबार
**सभा हुने समय** : विहान १०:०० बजे
**स्थान** : नेपाल हिमाल मैत्री एग्रो लिमिटेडको रजिर्ष्ट्रडको कार्यालय, काठमाडौं जिल्ला शंखरापुर न.पा वडा नं. ४।

**छलफलको विषय :**
**(क) सामान्य प्रस्ताव**
१. आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपरः छलफल गरि पारित गर्ने ।
२. आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखा परिक्षक नियुक्त गर्ने सम्बन्धमा ।
**(ख) विविध**

**सञ्चालक समितीको आज्ञाले**
**सञ्चालक अध्यक्ष**



मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०८०, आइतबार
31 December 2023, Sunday

## सम्पादकीय

# सपनाहरूको मृत्युमा

दक्षिण कोरिया जाने भाषा परीक्षाको विषयलाई लिएर शुक्रबार भएको प्रदर्शनका क्रममा दुई युवाको मृत्यु भएपछि सरकारको चर्को आलोचना भइरहेको छ । शनिबार प्रदर्शनकारीले निषेधित क्षेत्र समेत तोडेका छन् । माइतीघरदेखि नयाँ बानेश्वरसम्मको निषेधित क्षेत्रमा प्रदर्शन भएको थियो । साँझ दशरथ रंगशालामा भएको नेपाल सुपर लिगको फाइनल खेलमा सहभागी दर्शकहरूले मृतक युवाहरूलाई श्रद्धाञ्जली दिएर सरकारको जवाफ मागेका छन् । देशका अरू भूभागमा पनि मृतक युवाहरूलाई श्रद्धाञ्जली दिदै सरकार विरोधी प्रदर्शन भएको छ । शुक्रबार प्रहरीले गोली चलाउँदा दैलेखका सुजन रावत र अछामका वीरेन्द्र शाहको मृत्यु भएको थियो । भाषा परीक्षाबारे ईपीएस नेपाल शाखाले प्रष्ट जानकारी नदिदा आफूले दुख पाएको भन्दै शुक्रबार भएको प्रदर्शनमा सहभागी रावत र शाहतको मृत्यु भएको छ ।

रोजगारीका लागि विदेश जान चाहने युवाहरूको मृत्यु भएपछि सामाजिक सञ्जालमा चर्को विरोध भइरहेको छ । सरकारले बालकुमारी घटनाको छानबीन गर्न एक छानबीन समिति गठन गरेको छ भने ललित प्रहरी र जिल्ला प्रशासकलाई जिम्मेवारबाट हटाएको छ । ईपीएस शाखाका प्रमुखलाई पनि जिम्मेवारीबाट हटाएर निलम्बन गरेको छ । तर नागरिक आक्रोश भने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र गृहमन्त्री नारायणकाजी श्रेष्ठमाथि छ । यो घटनामा कमजोरी स्वीकार्दै राजीनामा दिनुपर्ने नागरिक माग देखिन्छ । तर स–साना निर्णयमा अल्मलिएका प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् बैठक समेत तीन दिनपछि (आइतबार) बोलाएका छन् । जबकी नागरिक आक्रोश र सम्वेदना सामाजिक सञ्जालभर छरपस्ट छ । त्यही आक्रोशले शनिबार निषेधित क्षेत्र तोडेको छ । देशका अरू भूभागमा प्रदर्शन भएको छ ।

यी घटनाक्रमले सरकार कति सुस्त छ भन्ने प्रष्ट पार्छ । अदालतको आदेश अनुसार, ती युवाहरूको माग जस्तै भाषा परीक्षाको आवेदन शुक्रबार दिउँसो मात्रै खोलिएको छ । ईपीएस शाखाका प्रमुख निलम्बित र बर्खास्त भएका छन् । तर समयमा यी काम हुन सकेन । यदि त्यस्तो हुन्थ्यो भने ती युवकहरूको ज्यान जाने थिएन । मन्त्रीको गाडी जल्ने थिएन । अझ भनौं देशको नेतृत्वले समयमै सही निर्णय गर्दै अगाडि बढेका थिए भने विदेश जान नपाएको आक्रोशमा बालकुमारी घटना नै हुने थिएन । तर मुलुकको नेतृत्वले सही गति लिन नसक्दा परिवारमा खुशीको खोजी गर्दै कोरिया जाने सपना बालकुमारीमा बिलाउने थिएन । तर यस्तो दुखद् दृष्यको साक्षी भएर नागरिक बस्नु नागरिक विवस छन्, उनीहरूको आक्रोश बुझ्न जति ढिलाइ हुन्छ । मुलुकले अझ थप क्षति बेहोर्दै जानुपर्ने हुन्छ । मृतक रावत र शाहप्रति श्रद्धाञ्जली !

# शासकीय शैलीको तुलना

*शासनमा निरंकुश जंगबहादुरदेखि महेन्द्रसम्मका शासकभित्र देशप्रतिको शासकीय प्रतिबद्धता, जनताप्रतिको माया, कालाबजारी तथा भ्रष्टाचारप्रतिको कठोर नीतिहरू हेर्दा गणतन्त्रमा अहिले 'भद्या मजाक' त भइरहेको छैन ? भन्ने प्रश्न उब्जिन्छ ।*

अग्रलेख



● खेमराज गिरी

"संकटमा कालाबजारी तथा देशमा भ्रष्टाचार गर्नेलाई पाँच जना साक्षी राखि काटिदिनु, जुद्धशमशेर श्री ३ को आदेश पर्खिनु पर्दैन ।" तत्कालिन समयमा पनि कालाबजारी तथा भ्रष्टाचारीप्रति एक निरंकुश शासकको त त्यस्तो प्रतिक्रिया आउने गर्दथ्यो भने गणतान्त्रिक शासन पद्धतिमा के यस्ता कुराहरूको कल्पना गर्न सकिएको छ त ? त्यस्तै श्री ३ जंगबहादुर राणा निरकुंश शासक भनिएता पनि बेलायतलाई रिझाएर हाम्रो पछिल्लो पटक गुमेको मुलुक बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता गराए । स्व. राजा त्रिभुवनले राणा शासनको विरुद्धमा दिल्लीबाट प्रजातन्त्रको उद्घोष नै गरे । तराईको पूर्व-पश्चिम राजमार्ग बनाउने समयमा पनि राजा महेन्द्रलाई भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले "हामीलाई नसोधि राजमार्ग किन बनाउन लाग्नुभएको ?" भन्दा "यो हाम्रो देशको आन्तरिक मामला हो, तपाईंको अनुमतिको आवश्यकता पर्दैन" भनेर स्व. राजा महेन्द्रले गतिलै जवाफ दिएका कुरा इतिहासमा पढ्न पाइन्छ । उनको शासनकालमा विदेशी कुटनीति अब्बल भएको कुरा इतिहासविद्हरू बताउँछन् ।

विदेशी शासकहरूको गिद्धे दृष्टिबारे नजिकबाट केलाइरहेका राजा महेन्द्रले दक्षिणको शासक धूर्त छ भन्ने कुरा बुझेर नै उत्तरी छिमकी चीनका नेता चाउयानलाई नेपालमा भव्य स्वागत गरेपछि बल्ल भारतीय प्रधानमन्त्री इन्दिरा गान्धी झस्किएको कुरा इतिहासमा भेटिन्छ । राजा महेन्द्रले नै सानो भूगोलको आवश्यकतालाई हेरेर पाँच विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा प्रशासनिक विभाजन गरेका थिए । विशेषगरी भारतीय शासकको नेपालप्रतिको गिद्धे दृष्टि देखेर नै सबै दलसँग मिलेर नेपालमा बहुदलीय संवैधानिक राजतन्त्रात्मक व्यवस्था लागू गर्ने भित्रि रणनीतिमा पुगेका थिए राजा महेन्द्र र वि.सं.२०२८ साल फागुन ७ गते घोषणा नै गर्ने मनस्थिति बनाएको कुरा इतिहासविद्बाट थाहा पाउन सकिन्छ । तर, उनको त्यस्तो योजना पूरा हुन पाएन । माघ ३ गते चितवनको दियालो बंगाला जाँदा अचानक उनको देहवासन भयो भनिन्छ । वास्तवमा निंरकुश पञ्चायती शासन व्यवस्था लागू गरे पनि देशप्रतिको उनको अगाध प्रेमलाई भने अहिलेका बहुदलवादी नेताहरू र नेपाली जनताले कहिल्यै बिर्सने सक्ने अवस्था छैन ।

त्यस्तै, स्व. राजा वीरेन्द्रले असंलग्न परराष्ट्र नीति लागू गराए र नेपाललाई शान्ति क्षेत्र घोषित गर्दा पश्चिमी देशहरूको समर्थन जुट्यो तर, नजिकको छिमेकी राष्ट्र जसले मुक्त कण्ठले रोटीबेटीको सम्बन्धका कुरा गर्दछ उसैले अहिलेसम्म समर्थन दिएको छैन । अहिले हाम्रो देशमा भएका प्राकृतिक स्रोत र साधन तथा विभिन्न खनिज पदार्थहरू त्यत्तिकै खेर गइरहेका छन् । यसको सदुपयोग हुन सकिरहेको अवस्था छैन । जति पटक चुनाव भएपनि र जुनसुकै दलको सरकार भएपनि एक त आन्तरिक द्वन्द्वले टिक्नै सक्दैनन् अर्को त्यही मौकामा विदेशीहरूको धमिलो पानीमा माछा मार्ने प्रवृत्ति र नेपाली नेताहरू उनिहरूकै स्वार्थको जालोमा फस्नाले पनि गणतन्त्रमा आज धेरै प्रश्नहरू तेर्सिएका छन् । अनि कसरी देश विकास तथा राष्ट्रियता र राष्ट्रको बारेमा सोच्न सकिने वातावरण बन्छ त ? उता देशका विभिन्न सीमानाहरू मिचिएका छन् । यसबारेमा जिम्मेवार नेता तथा शासकहरूको नजर जाँदैन । केपी शर्मा ओली प्रधानमन्त्री भएका बखत नेपालको पश्चिमी सीमाना कालापानी, लिम्पियाधुरा तथा लिपुलेकबारे फिर्ता ल्याउनको लागि संसदीय बहस नै भएको र यसबारेमा सबै दलहरूको प्रतिबद्धता थियो तर, पछि शासकहरू फेरिए र ढोंगे प्रवृत्तिले गर्दा यो पनि सबै विदेशी दासत्वमा परिणत भयो ।

वास्तवमा इतिहासलाई पल्टाउँदा, शासनमा निरंकुश देखिएपनि ति शासकभित्र देशप्रतिको शासकीय प्रतिबद्धता, जनताप्रतिको माया, कालाबजारी तथा भ्रष्टाचारप्रतिको कठोर नीतिहरू हेर्दा, गणतन्त्रमा अहिले भद्या मजाक त भइरहेको छैन ? भन्ने प्रश्न उब्जिन्छ । अहिले साँच्चै देश आर्थिक मन्दीले टाट पल्टिसकेको छ । देशमा सामाजिक तथा धार्मिक सद्भाव भड्काइ राखिएको छ । दिनानुदिन हजारौं युवाहरूको विदेश यात्रा रोकिएको छैन । एउटा सम्भ्रान्त परिवारका जेष्ठ नागरिकको जीवनको अन्तिम भोगाईको कहानी तथा कथाव्यथा सुन्ने हो भने कहालीलाग्दो छ । "घरभरी जहान बारीमा बाँदरको रोइलो" भनेजस्तो सानो छइज्जेल खाई नखाई बच्चाहरू हुर्कायो, बढायो, पढायो जब ठूला हुन्छन् अनि पँखेटा लागेपछि चराको जस्तो परदेशतिर लाग्छन् छोराछोरीहरू । त्यसपछि उनीहरूको आगमन दुई दिनको पाहुना, घरमा बुढाबुढी मात्र अनि बुढेसकालको सहारा कहाँ त भन्दा उही देवघाटको यात्रा हुनथालेको छ, नेपालजस्तो गरीब देशको कहाँनी ।



*नेपालको आन्तरिम मामिलामा प्रश्न उठाउँदा "यो हाम्रो देशको आन्तरिक मामला हो, तपाईंको अनुमतिको आवश्यकता पर्दैन" भनेर स्व. राजा महेन्द्रले इन्दिरा गान्धीलाई गतिलै जवाफ दिएको कुरा इतिहासमा पढ्न पाइन्छ । उनको शासनकालमा विदेशी कुटनीति अब्बल भएको कुरा इतिहासविद्हरू बताउँछन् ।*

गाउँघरमा अहिले बुढापाका र केही केटाकेटीबाहेक प्रायः बसाई पातालिँदै गएको छ । साँच्चै उजाड छ, अहिले गाउँघर ! खेतीपातीले धान्दैन । अझ पहाडतिर त भएका खेतीपातीमा पनि बाँदर र बँदेल तथा अन्य जंगली जनावरले थन्क्याउन दिँदैनन् । लाउँलाउँ र खाउँखाउँ भन्ने उमेरमा घर बसेर मनले मान्दैन किनकी परिवारको पीडा अनि हातमुख जोड्ने बाध्यताले कतिका घरपरिवारका बैंसालु छोराछोरीहरू परदेशीएका छन् । खास त त्यो रहर होइन बाध्यता हो र सायद गणतन्त्रमा उब्जाइएको परिस्थितिको उपजमा तेर्सिएका गम्भिर प्रकृतिका प्रश्न पनि हुन । वास्तवमा देशको अहिलेको परिस्थिति सम्झिँदा चुनावको समयमा जनताले हेक्का नपुऱ्याउँदा, राजनीतिले कहिल्यै स्थिरता पाएन । कार्यकर्ताको घेराउमा परेका नेता तथा कमाउ धन्दाले शासकीय प्रवृत्ति कहिल्यै ठीक भएन । ठेकेदार प्रवृत्तिको हाबी भएर विकासको गतिविधि कहिल्यै सारमा आएन । युवा विदेश जाने होडबाजीले घरपरिवारमा कहिल्यै शान्ति छाएन । नेपालको उच्च प्रशासनमा नेताको झोला बोक्ने व्यक्तिहरू कार्यालय प्रमूख हुने तर, पढाइमा अब्बल कहलाएका विद्यार्थीहरू अमेरिका जागिर खान जान्छन् । विज्ञहरूको भनाई छ कि, अबको दश वर्षपछि नेपालको हाइस्कूलमा पढाउने एक असल शिक्षक पाउन मुश्किल हुनेछ भलै युनिभर्सिटीको त कुरै छोडौं । सबै दलका केही नेताहरूको 'ब्ल्याक मनी' तह लगाउने माध्यम बनेका छन् नेपालका कलेज, स्कूल, युनिभर्सिटी तथा मेडिकल कलेजहरू । प्राकृतिक स्रोत र साधनहरूको सही सदुपयोग गर्न नसक्दा कृषि क्षेत्र अन्योलमा छ । खाली धान मात्र रोप्नु ठूलो कुरा होइन कि त्यसको बदलामा अन्य नगदे बाली पनि लगाउन सकिन्छ । शिक्षामा सधैं सैद्धान्तिक नीति मात्र लागू भयो भने कहिल्यै व्यवहारिक शिक्षातिर मन कसैको गएन । त्यसैले नीतिगत शिक्षामा परिवर्तन ल्याउनु पर्दछ र यही नीतिगत मामलाको हकमा आज गणतन्त्रको पोल्टामा यस्ता धेरै प्रश्नहरू तेर्सिएका छन् । देशमा भएका विकासका सम्भावनाहरूलाई नकार्दा र पारिवारिक परिवेशले गर्दा विदेश जान बाध्य बनाइएका युवाहरूलाई स्वदेशमा नै रोजगारी दिने वातावरण जबसम्म बन्दैन तबसम्म देशको प्रगतिको लागि कल्पना तथा माला जप्नुबाहेक विकल्प केही देखिन्न ।

तसर्थ, साँच्चै संकटमा दादागिरी देखाउने बाघभन्दा जुक्तिले काम गर्ने श्याल नै ठीक हुन्छ भनेर बुढापाकाले भनेको उखान अहिले नेपालको परिप्रेक्षमा सापेक्षता देखिन्छ । फेरि जंगलमा सिंह नहुँदा छेपारो खान पल्केका ब्वाँसाहरू सिंहको आगमनमा झाडीभित्र पसि भ्याकुर खोजिरहँदा बहादुरीताको तराजुमा नैतिकताको खडेरी मापन गर्नुपर्ने होइन भन्ने प्रश्न खडा हुन सक्छ । आफ्नो पालामा ब्रह्मलुट अर्काको पालामा झोलाभरी भूत अनि जसले जे बोलेपनि हुने, कानुनको उल्लंघन गर्नेलाई पनि छुट यो निराशाको स्थिति कहिले सम्म त ? आज सारा जनताले अहिलेको शासकीय प्रवृत्ति देखेर निरंकुश कहलिएका राणा शासकमध्येका एक वीर शासक जुद्धशमशेर जो एक हक्की स्वभावका थिए । जसले भ्रष्टाचार, दुराचार, बेविचारी तथा दुई नम्बरी धन्दा गर्नेलाई देखि सहन्नथे भनिन्छ । हो, अहिले भलै २१ औं शताब्दीको गणतन्त्रको मन्त्र जपिरहेको बेलामा समेत विभिन्न टोलैपिच्छेका नेता तथा कार्यकर्ताको झिटी झाम्टाको रक्षा गर्नुभन्दा कम्सेकम एक कदम अगाडि बढेर निःस्वार्थ भावनाले पहिलेका केही सुधारवादी तथा उदारवादी शासकलाई सम्झेर आफ्नो राजनीतिक, सामाजिक तथा धार्मिक गतिविधिलाई आफ्नो माटो सुहाउँदो संस्कार अनि संस्कृतिमा मलजल राख्न सकियो भने हामीलाई विदेशी तथा नेपालभित्र भएका स्वदेशी मतियारले हेप्न नसक्लान् र गणतन्त्रमा तेर्सिएका ती धेरै प्रश्नहरूले गर्दा पनि अतित र वर्तमानको शासकीय स्वरूपमा देखिएको अन्तर्यमा ध्यान दिने कि ?

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

देशभित्र रोजगार छैन, उद्दमशिलताका लागि पुँजी छैन, भएका पनि जोखिममा छन्, बन्द हुँदैछन् । विदेश जान पनि आन्दोलन गर्नपर्ने, गोली खान पर्ने, मर्ने पर्ने कस्तो राज्य बनाएछौं, कस्ता नेता र पार्टी चुनेछौं ? तर गर्ने के ? केही विगत फर्काउन, केही वर्तमान जोगाउन लागेका छन्, भविष्यको चिन्ता कस्लाई ?



**- सुर्यराज आचार्य**

जमिनको खनजोत, बीऊ, मल, रोप्ने, गोड्ने, सिँचाई, बाली भित्र्याउने कुराको ज्ञान भएको किसानले मात्र राम्रो खेतिपाति गर्न सक्छ । जनशक्ति, लगानी, उत्पादन, रोजगारी, र विकास बारेमा स्पष्ट सोच र बुझाई भएको शासकले मात्र मुलुकलाई समृद्धि दिन सक्छ । चल्तिका नेताहरूमा यस्तो ज्ञानको कमी छ ।



**- मुमाराम खनाल**

पहिले पार्टीहरूले लोकतन्त्रलाई 'दलतन्त्र'मा रूपान्तर गरे । अनि स्वाभाविकरूपमा दलतन्त्र 'लुटतन्त्र'मा रूपान्तर भयो । अब 'लुटतन्त्र'ले समाजलाई 'भिडतन्त्र'मा बदलेको छ । भिडतन्त्रमा बदलिएको समाज सभ्य, सुसंस्कृत र सौम्य हुने कल्पना नगरौं । समाजको यो अराजकता राजनीतिको सहउत्पादन हो ।



**- मनिष झा**

युवाले सपना माग्यो, उसले जंगल देखायो । युवाले रोजगारी माग्यो, उसले बन्दुक बोकायो । युवाले वैदेशिक रोजगारी देख्यो, के-के प्रक्रियामा अल्झायो र दुःख दियो । युवाले दुई छाकको लागि देश छोड्छु भन्यो, राज्यले संसार छोड्न लगायो । राज्यले दुर्घटना भन्ला, तर यो हत्या हो ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष : | पुरानो कार्य बन्नेछ । स्वास्थ्य लाभ हुनेछ । |
| मिथुन : | रुकावटहरू समाप्त हुनेछन् । आयमा वृद्धि हुनेछ । |
| कर्कट : | मुकद्मा सम्बन्धी समस्याको योग छ । यात्रा सफल हुनेछ । |
| सिंह : | मांगलिक कार्य हुने र पद वृद्धिको योग छ । |
| कन्या : | मनोबल उच्च रहनेछ । विद्यार्थीहरूको लागि शुभ समय छ । |
| तुला : | भूमि लाभ हुनेछ । कार्यहरूमा सावधानी अपनाउनुहोला । |
